# श्री सुनापती गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन टोलीको स्थलगत मूल्याङ्कन प्रतिवेदन, २०८०


<u>प्रतिवेदक</u>

**राजेश आचार्य**

**खरिदार**

**जिल्ला समन्वय समितिको कार्यालय मन्थली, रामेछाप**

**मोबाइल नम्बर :- ९८४०४१३५५४**

**इमेल ठेगाना :- achrya.raj12@gmail.com**


**मितिः २०८०।१०।०१**

## विषय-सूची

१. वित्तीय सुशासन जोखिम मूल्याङ्कन टोलीको स्थलगत मूल्याङ्कनको पृष्ठभूमि ...................................... 3

२. वित्तीय सुशासन जोखिम सम्बन्धमा गरिएको अभिमुखीकरण र मूल्याङ्कनको उद्देश्य ................................ 4

३. स्थलगत मूल्याङ्कन टोलीका सदस्यहरु ........................................................................................... 4

४. अभिमुखीकरण र स्थलगत मूल्याङ्कन भ्रमणको मिति, समय र स्थान ................................................... 5

५. अभिमुखीकरण र स्थलगत मूल्याङ्कनका गतिविधिहरु ...................................................................... 5

## १. वित्तीय सुशासन जोखिम मूल्याङ्कन टोलीको स्थलगत मूल्याङ्कनको पृष्ठभूमि

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तर्जुमा भएको स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि २०७७ ले गाउँपालिका तथा नगरपालिकाहरुको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी वित्तीय सुशासन अभिवृद्धि गर्ने र स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित पारदर्शी विधिसम्मत र प्रभावकारी बनाउनका लागि स्थानिय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्ने लक्ष्य लिएको छ । स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि २०७७ को परिच्छेद-३(४) अन्तर्गतको मूल्याङ्कन प्रक्रिया तथा अङ्कभार बमोजिम स्थानिय तहहरुको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य जिल्ला समन्वय समिति मार्फत् हुने व्यवस्था छ । सो कार्य गर्नका लागि उक्त कार्यविधिको परिच्छेद-३(६) मा जिल्ला समन्वय समितिको भूमिका निम्नानुसार उल्लेख गरिएको छ :-

१. मन्त्रालयको सहयोगमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने ।
२. कार्यविधि बमोजिम मन्त्रालयले तोके अनुसार स्थानीय तहहरुको मूल्याङ्कन गर्ने ।
३. मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन पृष्ठपोषणका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।
४. मूल्याङ्कनको अन्तिम नतिजा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।
५. उपदफा १ बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा मन्त्रालयबाट उपलब्ध गराइने सूचना प्रविधिमा आधारित ढाँचा सफ्टवेयरमा प्रविष्ट गर्ने ।

   उक्त कार्यविधिको अनुसूची -३ अन्तर्गत रहेको मूल्याङ्कन कार्ययोजना अन्तर्गत जिल्ला समन्वय समितिको जिम्मेवारी निम्नानुसार तोकिएको छ :-

   - कार्यविधि तथा यसको मूल्याङ्कन सूचकको सफ्टवेयर सम्बन्धमा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष उपप्रमुख/उपाध्यक्ष र प्रशासकीय अधिकृतलाई अभिमुखीकरण गर्ने ।
   - स्थानीय तहहरुलाई मूल्याङ्कन गर्ने समय खुलाई जानकारी पठाउने ।
   - सहभागितात्मक छलफल र विश्लेषणको आधारमा मूल्याङ्कनको प्रणालीमा आधारित भई प्रारम्भिक नतिजा तयार गर्ने ।
   - तयार भएको प्रारम्भिक नतिजा स्थानीय तहलाई पृष्ठपोषणका लागि उपलब्ध गराउने ।
   - मूल्याङ्कनको अन्तिम नतिजा तयार गर्ने र मूल्याङ्कनको अन्तिम नतिजा स्थानीय तह प्रदेश सरकार र मन्त्रालयलाई उपलब्ध गराउने ।

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको प्रदेश सुशासन केन्द्रको चलानी नम्बर २३५ मिति २०८०/०९/०३ को पत्र साथ प्राप्त स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कनका लागि जिल्ला समन्वय समितिमार्फत् स्थानीय तहमा गरिने अभिमुखीकरण प्रशिक्षण कार्यक्रम तथा स्थानीय तहको मूल्याङ्कनका लागि

जिल्ला समन्वय समितिको प्रदेश विविध खातामा १३००५०।- अक्षेरुपी एक लाख तिस हजार पचास मात्र बजेट अख्तियारी निकासा भएकोमा सो बजेटबाट आवश्यक खर्च व्यहोरिने गरी जिल्ला समन्वय समितिका प्रमुख श्री चिना खड्का कार्की ज्यूको नेतृत्वमा जिल्ला समन्वय अधिकारी श्री भुवनेश्वर लामिछाने र लेखापाल किरण पौडेल समेतको टोलीले रामेछाप नगरपालिका उमाकुण्ड गाउँपालिका गोकुलगंगा गाउँपालिका र लिखु तामाकोशी गाउँपालिका र जिल्ला समन्वय उपप्रमुख श्री प्रेमबहादुर थापाज्यूको नेतृत्वमा जिल्ला समन्वय समितिको कार्यालयका शाखा अधिकृत रमेश घिमिरे र खरिदार राजेश आचार्य समेतको टोलीले सुनापति गाउँपालिका खाँडादेवी गाउँपालिका र दोरम्बा शैलुङ्ग गाउँपालिकामा कार्यपालिका पदाधिकारी विषयगत समितिका सदस्य र शाखा प्रमुखहरुलाई FRA सम्बन्धमा अभिमुखीकरण प्रशिक्षण कार्यक्रम र स्थलगत मूल्याङ्कनका लागि जिल्ला समन्वय समितिको प्रदेश विविध खातामा १३००५०/- अक्षेरुपी एक लाख तिस हजार पचास मात्र बजेट अख्तियारी निकासाबाट मूल्याङ्कन टोलीको भ्रमण खर्च यातायात र इन्धन खर्च कार्यक्रम सञ्चालन र मूल्याङ्कन खर्चका लागि व्ययभार हुनेगरी खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालयमा गई कार्यपालिकाका पदाधिकारी विषयगत समितिका सदस्य तथा शाखा प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृत र FRA फोकल पर्सन सहितलाई स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धमा अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरु र सूचकहरुलाई पुष्ट्याँई गर्ने प्रमाणित कागजातहरु र कागजातहरुको रुजु तथा ती कागजातहरु सफ्टवेयरमा अपलोड गर्ने समेतका विषयमा अन्तर्क्रियात्मक छलफल गरी उठेका व्यवहारिक र प्राविधिक समस्याहरुको समाधान गरियो।

## २. वित्तीय सुशासन जोखिम सम्बन्धमा गरिएको अभिमुखीकरण र मूल्याङ्कनको उद्देश्य

स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सम्बन्धमा अभिमुखीकरण र प्रशिक्षण कार्यक्रम सञ्चालन गरी वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरु र सूचकहरुलाई पुष्ट्याँई गर्ने प्रमाणित कागजातहरु र कागजातहरुको रुजु तथा ती कागजातहरु सफ्टवेयरमा अपलोड गर्ने समेतका विषयमा अन्तर्क्रियात्मक छलफल अन्तर्क्रिया र प्रश्नोत्तर विधिबाट तयार कागजातहरुको लेखाजोखा गरी पृष्ठपोषण तथा मूल्याङ्कनका लागि जिल्ला समन्वय समिति समक्ष पेश गर्ने कार्यमा पालिकाका कर्मचारीहरुलाई सहजीकरण तथा समन्वय गर्ने।

## ३. स्थलगत मूल्याङ्कन टोलीका सदस्यहरु

| क्र.स. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | प्रेम बहादुर थापा | उपप्रमुख | जिल्ला समन्वय समिति |
| २ | रमेश घिमिरे | शाखा अधिकृत | जिल्ला समन्वय समिति |
| ३ | दामोदर प्रसाद घिमिरे | नासु | जिल्ला समन्वय समिति |
| ४ | राजेश आचार्य | खरिदार | जिल्ला समन्वय समिति |

## अभिमुखीकरण र स्थलगत मूल्याङ्कन भ्रमणको मिति, समय र स्थान

स्थलगत मूल्याङ्कन भ्रमणको मिति :- २०८०/०९/११, १२ र १३ गते

अभिमुखीकरण कार्यक्रमको मिति :- २०८०/०९/१२ गते

समय :- बिहान १०: ०० बजे

स्थान :- सुनापती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हिलेदेवी, रामेछाप ।

## ४. अभिमुखीकरण र स्थलगत मूल्याङ्कनका गतिविधिहरु

सुनापती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछापमा गई स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ ले तोकेको कार्यविधिअनुरुपको मूल्याङ्कन प्रक्रिया र सूचकहरुको बारेमा कार्यपालिकाका पदाधिकारी विषयगत समितिका सदस्य र सम्पूर्ण शाखाका प्रमुखलाई जिसस कार्यालयका शाखा अधिकृत रमेश घिमिरेको सहजीकरणमा दुई सत्रको अभिमुखीकरण प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो । स्थलगत मूल्याङ्कन गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका लागि आवश्यक कागजातहरुको अध्ययन तथा रुजु गरी सूचक अनुसार कागजातहरु संकलन निर्माण र सफ्टवेयरमा अपलोड गर्ने प्रक्रियाबारे छलफल अन्तरक्रिया र प्रश्नोत्तर विधिबाट तयार कागजातहरुको लेखाजोखा गरी कार्यविधिले तोकेका सूचकहरुसँग सम्बन्धित कागजातहरु निर्धारित समयभित्रै सफ्टवेयर मार्फत् जिल्ला समन्वय समिति समक्ष पेश गर्ने निर्णय गरियो ।